जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि


विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १५६ • २०८२ चैत्र १४ गते शनिवार • 28 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## हार्दिक मंगलमय शुभकामना:सोनार

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ चैत्र**

नेपालको पावन धरा आज फेरि एक ऐतिहासिक क्षणको साक्षी बनेको छ। महोत्तरीको जलेश्वर नगरपालिकाको नगर प्रमुख सुरेश साह सोनारले राष्ट्रसेवाको पवित्र संकल्प बोकी सपथ ग्रहण गर्नु भएका नव नियुक्त प्रधानमन्त्री बालेन्द्र साह तथा माननीय मन्त्रीहरू प्रति हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्नु भएको छ। यो जिम्मेवारी केवल पदको अलंकार मात्र नभई जनविश्वासको अमूल्य धरोहर हो । हिमालको अटलता, पहाडको धैर्यता र तराईको उर्वरता जस्तै तपाईंहरूको नेतृत्वले राष्ट्रलाई स्थिरता, समृद्धि र समरसताको मार्गमा अग्रसर गराओस् भन्ने कामना नगर प्रमुख सोनारले गर्नु भयो ।जनताको अपेक्षाहरू आकांक्षाका तारा झैँ आकाशमा झलमलाइरहेका छन्– ती सबैलाई यथार्थको उज्यालोमा परिणत गर्ने दृढ संकल्प, पारदर्शिता, सुशासन र राष्ट्रहितप्रति अटुट समर्पण तपाईंहरूको मार्गदर्शक




बनिरहोस्। नेपालको स्वाभिमान, राष्ट्रिय एकता र समुन्नतिको दीप प्रज्वलित गर्दै, इतिहासले स्मरण गर्ने युगान्तकारी कार्यहरू सम्पन्न गर्न माता जानकी र स्वयं पशुपतिनाथले आशीर्वाद दिउन भन्ने शुभेच्छा नगर प्रमुख सोनार ले राख्नु भयो ।

## ज्ञान गंगाले मनाए महापर्व रामनवमी


**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ चैत्र**

ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले एक कार्यक्रम बीच हिन्दुहरुको महापर्व रामनवमी हर्षोल्लासका साथ मनाएका छन्।

रामनवमीको अवसरमा विद्यार्थीहरुले रामनवमीको



सम्बन्धमा आफ्ना विचारहरु राखेका थिए। विद्यार्थीहरुले मर्यादा पुरुषोत्तम रामको जिवन शैली तथा वहाँले गरेका अनुकरणीय कामहरुका बारेमा प्रशंसा गरेका थिए। कार्यक्रमको अध्यक्षता गर्दै विद्यालयको संस्थापक प्रधानाध्यापक प्रा.पवन कुमार साहले दीप प्रज्वलन गरी कार्यक्रमको शुरुवात गर्नु भएको थियो । संस्थापक साहले मिष्ठान,फल,माला,फुल,अबीर तथा अगरवत्तिले भगवान रामको प्रतिमामा पुजाआजा गर्नु भएको थियो । त्यसपछि पालै पालोसँग उपस्थित सम्पूर्ण शिक्षक,शिक्षिका,कर्मचारी तथा विद्यार्थीहरुले हिन्दु परम्परा अनुसार भगवान रामको पुजाआजा गरेका थिए । विद्यालयले यस खुशियालीमा मिठाई बाँडेका थिए।




## प्रधानमन्त्री नियुक्त हुनु भएकोमा बालेन्द्र शाह प्रति हार्दिक बधाई एवं शुभकामना ज्ञापन गर्ने मटिहानी नगरपालिकाको निर्णय

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ चैत्र**



नेपालको सम्माननीय प्रधानमन्त्री नियुक्त हुनु भएकोमा श्री बालेन्द्र शाहज्यू प्रति हार्दिक बधाई एवं शुभकामना ज्ञापन गर्ने निर्णय मटिहानी नगरपालिकाको आज बसेको विशेष कार्यपालिका बैठकले गरेको छ।

मटिहानी नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद मण्डलज्यूको अध्यक्षतामा बसेको सो बैठकले नेपालको इतिहासमा मेयर पदबाट सोझै सार्वभौमसत्ता सम्पन्न गणतन्त्रात्मक राष्ट्र नेपालको गौरवशाली कार्यकारी प्रमुख प्रधानमन्त्री पदलाई सुशोभित पार्नु स्थानीय तहका हामी जनप्रतिनिधिहरुका लागि अत्यन्त हर्ष र गौरवको विषय बनेको र यसै क्षेत्रका धर्ती पुत्र महोत्तरी जिल्लावासी प्रथम पटक प्रधानमन्त्री हुनु पनि अभूतपूर्ण गौरवको प्रसङ्ग साबित भएको कुरा जनाएको छ। यस आनन्ददायक अविस्मरणीय क्षणको अवसरमा आज साँझ मटिहानी नगरपालिका मातहतका सबै कार्यालयहरूमा दीपावली गर्ने र सम्माननीयज्यूको सुस्वास्थ्य, दीर्घायु एवं कार्यकालको पूर्ण सफलताको कामनाको लागि आज प्रसिद्ध, पौराणिक जलाशय लक्ष्मी सागरमा भगवान लक्ष्मी नारायणको सन्ध्याकालीन विशेष आरती पूजन समेत गरिने कुरा कार्यपालिका बैठकले निर्णय गरेको छ।

## बालेन शाह प्रधानमन्त्री बनेपछि पुर्ख्यौली गाउँमा उल्लास

**मो.ईर्शाद**
**महोत्तरी, १३ चैत्र**



महोत्तरी जिल्लाको एकडारा गाउँपालिकामा स्थानीयवासीले आफ्नै गाउँका बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त भएको खबरपछि उल्लास व्यक्त गरेका छन्।

प्रधानमन्त्री नियुक्तिको खबर सार्वजनिक भएसँगै गाउँमा मिठाइ वितरण, पटाका प्रज्वलन तथा दीपावली गरी खुसी मनाइएको स्थानीयवासीले जनाएका छन् । गाउँका बासिन्दाले उहाँको सफलताप्रति गर्व व्यक्त गर्दै आपसमा शुभकामना आदानप्रदान गरेका छन् । शाहलाई नजिकबाट चिन्ने स्थानीयका अनुसार उहाँ सानैदेखि सरल, इमान्दार र उदार स्वभावका व्यक्ति हुनुहुन्छ। हाल उहाँको पुर्ख्यौली घरमा नियमित बसोबास नभए पनि गाउँमा उत्साह कायमै रहेको छ। पञ्चायतकालमा कुलानन्द झाका कारण परिचित रहेको उक्त गाउँले महोत्तरी-३ बाट प्रतिनिधिसभा सदस्यमा उज्वल झा निर्वाचित भएपछि खुसी व्यक्त गरेको थियो। सोही गाउँका शाह प्रधानमन्त्री बनेपछि थप उत्साह छाएको स्थानीयले बताएका छन्। ३६ वर्षीय शाहले प्रतिनिधिसभा निर्वाचनमा उल्लेखनीय मतान्तरसहित विजय हासिल गरी राष्ट्रिय राजनीतिमा आफ्नो उपस्थिति बलियो बनाउनु भएको हो। उहाँ दुई तिहाइ बहुमतको समर्थनसहित सरकारको नेतृत्व सम्हाल्ने तयारीमा हुनुहुन्छ।प्रधानमन्त्री शाहको उदयसँगै मधेशसहित देशभर नयाँ आशा जागेको जनाइएको छ । उहाँको आगामी कार्यशैलीप्रति सर्वसाधारणको ध्यान केन्द्रित भएको छ।




## धनुषामा प्रादेशिक नारी सन्त समागम

**दीपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १३ चैत्र**



सन्त निरंकारी मण्डलको आयोजनामा प्रादेशिक नारी सन्त समागम कार्यक्रम जनकपुरधाम स्थित सिनुर जोडा चिल्ड्रेन पब्लिक स्कुलको प्राङ्गणमा आज भव्य रूपमा सम्पन्न भएको छ। कार्यक्रममा सन्त निरंकार मण्डली जनकपुर धामका अध्यक्ष बेचु रजक, पूर्व केन्द्रीय कार्य समिति सदस्य राम शंकर साह, सेवा दल

बाँकी पृष्ठ ४ मा

# धनुषामा एकीकृत शैक्षिक क्यालेण्डर ल्याउने तयारी

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १४ चैत्र

नेपाल शिक्षक महासंघ धनुषाले एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर तयार गर्ने भएको छ । परीक्षाको तिथिमा एकरुपता, विदामा एकरुपता, पठनपाठन लगायतमा एकरुपता ल्याउनका लागि महासंघ धनुषाले आगामी शैक्षिक वर्षदेखि एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर ल्याउने तयारी अगाडि बढाएको हो ।



नेपाल शिक्षक महासंघ, धनुषाले आयोजना गरेको एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर/कार्यतालिका निर्माण-२०८३ कार्यशाला गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमलाई शुक्रबार उद्घाटन गर्दै मधेश प्रदेशका सभामुख रामअशिष यादवले शिक्षा क्षेत्रको विकासमा शिक्षकहरुको सम्मान आवश्यक रहेको बताए । भौतिक पूर्वाधार, फर्निचर अभाव लगायतको समस्यामा जनप्रतिनिधिले ध्यान नदिएर शैक्षिक क्षेत्र कमजोर बनेको कारक शिक्षकलाई बताउँदै आएको उनले थपे। शिक्षकको सम्मान गर्नुका साथै शैक्षिक वातावरण बनाउने कार्यमा पनि जनप्रतिनिधिको ध्यान जानुपर्ने तर्क सभामुख यादवको थियो । सो अवसरमा मुखियापट्टी मुसहरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले शैक्षिक सुधारका लागि समन्वय आवश्यक रहेको बताए । शिक्षक, अभिभावक, जनप्रतिनिधि लगायत सरोकारबालाहरु बीच समन्वय गरेर शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने तर्क उनको थियो । शिक्षा विकास तथा समन्वय इकाई धनुषाका प्रमुख चेतकुमार पोखरेलले शैक्षिक क्षेत्रमा सुधार ल्याउन नीतिगत सुधारको आवश्यक रहेको बताए। स्थानीय तह मातहत गएपछि शिक्षा क्षेत्रमा विभिन्न समस्याहरु देखा परेकाले यसतर्फ ध्यान दिन जरुरी रहेको उनले बताए । सो अवसरमा नेपाल शिक्षक महासंघ धनुषाका अध्यक्ष सुरेशकुमार यादवले तिथि मितिका साथै शैक्षिक गतिविधिलाई नियमित र नियन्त्रित गर्नको लागि शैक्षिक क्यालेण्डर ल्याउन लागेको जानकारी दिए । कार्यक्रमको उद्येश्यबारे प्रकाश पार्दै अध्यक्ष यादवले पाठ्यक्रममा तोकिएको विषयवस्तु, त्यसको लागि छुट्याइएको पाठ्यभार तथा विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप लगायतका अन्य सूचनामूलक विषयवस्तु समेटेर बनाइने शैक्षिक क्यालेण्डरलाई शिक्षक, प्रधानाध्यापक तथा विद्यार्थी लगायतका शिक्षाकर्मीको लागि आफ्नो जिम्मेवारी समयमा सम्पन्न गर्न सहयोग पुरयाउने मार्गचित्रको रूपमा लिन सकिने तर्क गरे ।

अहिले केही विद्यालयमा कक्षा ८ को परीक्षा संचालन भइरहेको छ, अध्यक्ष यादवले भने-केही विद्यालयमा आगामी १५ गतेदेखि छ। केही विद्यालयले सम्पन्न पनि गरिसकेको छ। अहिले प्रश्नपत्र तयार गर्ने कार्यमा पनि छाडापन देखिएको छ, उनले भने-महासंघले विज्ञको टोली परिचालन गरेर प्रश्नपत्र तयार गर्न लगाउँछ । र परीक्षामा एकरुपता ल्याउन एउटै समयमा एकै प्रकारको प्रश्नपत्र जिल्ला भरि उपलब्ध गराउने अध्यक्ष यादवले थपे। यसले परीक्षा प्रणालीमा एकरुपता ल्याउँछ । विदामा पनि असमानता देखिएको छ । सबै विद्यालयमा एकै पटक विदा र पठनपाठन हुनुपर्ने हो, उनले भने-त्यसका लागि महासंघले शैक्षिक क्यालेण्डर बनाउन लागेको छ ।

महासंघका सहसचिव रामानन्द यादवले संचालन गरेको कार्यक्रममा हंसपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख दुर्गीदेवी मण्डल, लक्ष्मीनियाँ गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी यादव, नेपाल ट्रेड युनियन काँग्रेसका मेघनाथ यादव, नेपाल शिक्षक संघका धनुषा जिल्ला अध्यक्ष रामसिनेही यादव, नेपाल शिक्षक संगठन धनुषाका अध्यक्ष धर्मेन्द्रकुमार यादव, शिक्षा शाखाका प्रमुख, शिक्षकहरुको उपस्थिति रहेको थियो ।




## -:अल्झिएका हामी:-

*भ्रमको भुमरीमा,*
*फनफनी घुमेका हामी ।*
*आफ्नो अनिश्चितताको अघि-पछि,*
*अलमल्ल परेका हामी ।*
*आफ्नै छायासँग डराएर,*
*अन्धकारलाई अँगाल्न बाध्य हामी ।*
*सत्य र तथ्य स्वप्नमा मात्र,*
*यथार्थको भारले कुच्चिएका हामी ।*
*दुबिधाको सञ्जालबाट,*
*मुक्त हुन नसकेका हामी ।*
*अन्तर मनबाट प्रसिद्ध हुन खोजे पनि,*
*पहिचान गुमाएका हामी ।*
*ईर्ष्या र क्रोधका गाँठा फुकाउन,*
*समय नभएका हामी ।*
*सम्बन्धको कागज कोर्न,*
*काबिल भए पनि नसकेका हामी ।*
*नजिक भए पनि सबैसँग टाढा,*
*एकान्तको गीत गाउँदै रमाउने हामी ।*
*अनेकौं शब्दहरू ओठमै अल्झैं पनि,*
*मौन र शब्दहीन भएका हामी ।*
*अनेकौं लेख र रचनामा पनि,*
*भावना व्यक्त गर्न असफल हामी।*
*रिसको पहिरन पहिरिएर,*
*स्वार्थपनको बर्को ओडेका हामी ।*
*प्रेमलाई बिर्सेर घृणा फैलाउँदै,*
*मानवताको पाठ भुलेका हामी।*
*सत्यलाई ढाक्ने बर्को ओढी,*
*झूटसँग सम्झौता गरेका हामी।*
*हृदयको ध्वनि नसुनेझैं गरी,*
*खै कता अकमकिएका हामी।*
*आफ्नै लडाइँमा मात्र अल्झिन खोज्छौं ,*
*किन यति आत्म केंद्रित हामी?*
*एक्लोपनको पिँजडामा कैद भएर,*
*स्वतन्त्र बन्न पुगेका हामी ।*
*धन र सम्पत्तिको लालचमा,*
*भावनात्मक आक्रमण गर्न पनि तयार हामी ।*
*आत्म प्रहार गरिन्छ कि भन्ने डरमा,*
*अरूको हक खोस्न हरपल तयार हामी ।*
*घातको परिणाम विनाश हुन्छ,*
*यो बुझेर पनि अबुझ हामी ।*
*विवेकशील प्राणी भनी चिनिए पनि,*
*विवेक गुमाएका हामी ।*
*खै कता अल्झिएका हामी ।*

**-: अनुष्मा ढुंगेल :-**


## डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उत्तम उपाय हो ।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं

### डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

**अनुरोधकर्ता**
**सोनमा गाउँपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


### तपाईंको टुडे

मेष: मनमा पछुतो आउने
वृष: खानपानमा समस्या आउने
मिथुन: अनावश्यक खर्चको संभावना
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: आम्दानी हुने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: लामो यात्राको योग छ
मकर: अनावश्यक चिन्ता
कुम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात

### मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


### आवश्यक टेलिफोन नम्बरहरु

#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चीन अमेरिकासँग सहकार्य बढाउँदै, द्वेषपूर्ण प्रतिस्पर्धाबाट टाढा रहनुपर्नेमा जोड

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ चैत्र**



विश्वका दुई ठूला अर्थतन्त्रबीच सम्बन्ध सुधार्ने सङ्केत देखिँदै जाँदा चीनले संयुक्त राज्य अमेरिकासँग आर्थिक तथा व्यापारिक सहकार्यलाई अझ सुदृढ बनाउन चाहेको स्पष्ट गरेको छ। प्रतिस्पर्धालाई सहकार्यसँग सन्तुलनमा राख्ने प्रयासस्वरूप बेइजिङले 'द्वेषपूर्ण प्रतिस्पर्धा' बाट टाढा रहनुपर्नेमा जोड दिएको छ।

चीनका वाणिज्यमन्त्री वाङ वेन्टाओले अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियरसँग भएको भेटमा बहुपक्षीय र क्षेत्रीय व्यापार सहकार्यलाई विस्तार गर्न चीन इच्छुक रहेको बताए। वाणिज्य मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको विवरण अनुसार उनले दुई देशबीचको सम्बन्धलाई प्रतिस्पर्धा र सहकार्यबीच सन्तुलित ढङ्गले अघि बढाउनुपर्ने र टकरावपूर्ण प्रतिस्पर्धाबाट बच्नुपर्ने धारणा राखे। दुवै पक्षबीचको यो भेट क्यामरुनको राजधानीमा आयोजित विश्व व्यापार सङ्गठन (डब्लुटिओ) को मन्त्रीस्तरीय सम्मेलनको साइडलाइनमा बिहीबार भएको हो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सम्भावित बेइजिङ भ्रमणभन्दा दुई महिनाभन्दा कम समय अघि भएको यो संवादलाई महत्त्वपूर्ण रूपमा हेरिएको छ। गत वर्ष अक्टोबरमा युद्धविराममा सहमत हुनुअघि अमेरिका र चीनबीच चर्को व्यापार युद्ध चलेको थियो। त्यसपछि पनि सम्बन्ध पूर्ण रूपमा सहज बन्न सकेको छैन। यस महिनाको सुरुमा पेरिसमा अमेरिकी अर्थमन्त्री स्कट बेसेन्ट र चिनियाँ उपप्रधानमन्त्री हे लिफेङबीच भएको उच्चस्तरीय वार्ताले केही हदसम्म तनाव कम गर्ने सङ्केत दिएको थियो।

# बीमा क्षेत्र विस्तारमा अभिकर्ताको भूमिका महत्वपूर्ण : केन्द्रिय अध्यक्ष आचार्य

**मोनू गुप्ता**
**जनकपुरधाम, १३ चैत्र**




नेपाल राष्ट्रिय बीमा अभिकर्ता संघको आयोजनामा जनकपुरधाम स्थित उद्योग वाणिज्य संघको सभाहलमा आज शुक्रबार 'अभिकर्ता भेला' सम्पन्न भएको छ। कार्यक्रममा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड सँग आवद्ध अभिकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो।कार्यक्रमका प्रमुख अतिथि संघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद आचार्यले बीमा क्षेत्रको दिगो विकास र आम नागरिक सम्म यसको पहुँच विस्तारमा अभिकर्ताहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताए। उनले अभिकर्ताहरूले इमान्दारिता, सेवाभाव र पेशागत निष्ठाका साथ काम गरेमा बीमाप्रति जनविश्वास अझ मजबुत हुने विश्वास व्यक्त गरे। साथै, उनले बीमा सचेतना गाउँ-गाउँसम्म पुऱ्याउन अभिकर्ताहरूलाई सक्रिय हुन आग्रह गरे।कार्यक्रममा जनकपुर धाम शाखाका अध्यक्ष परमेश्वर साहले अभिकर्ताहरू बीमा क्षेत्रको मेरुदण्ड भएको उल्लेख गर्दै पेशागत दक्षता र जिम्मेवारी बोध लाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिए।उक्त कार्यक्रममा केन्द्रीय सचिव तेज प्रसाद तिवारी विशिष्ट अतिथि रहनुभएको थियो भने अतिथि अमर चन्द्र अनिल, मनोज कुमार यादव, सरिता ठाकुर लगायतले पनि मन्तव्य राख्दै बीमा सचेतना विस्तार, क्षमता अभिवृद्धि तथा पेशागत मर्यादा कायम गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा सहभागीहरूले बीमा क्षेत्रको सुदृढीकरण तथा अभिकर्ताहरूको हकहित संरक्षणका विषयमा सकारात्मक छलफल गरेका थिए।

# सञ्चयकोषबाट पाँच अर्ब ३० करोड मुनाफा वितरण

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ चैत्र**



कर्मचारी सञ्चय कोषले गत आर्थिक वर्ष २०८१/८२ मा आर्जन गरेको कुल मुनाफाबाट सञ्चयकर्ता तथा योगदानकर्तालाई करिब रू पाँच अर्ब ३० करोड मुनाफा वितरण गरेको छ।

त्यसमा कोषका सञ्चयकर्ताको खातामा करिब रू पाँच अर्ब १९ करोड र योगदानमा आधारित निवृत्तभरण कोषका योगदानकर्ताको खातामा करिब रू १० करोड ५५ लाख मुनाफा जम्मा गरिएको कोषका प्रवक्ता दामोदरप्रसाद सुवेदीले दिए।

कोषका सञ्चालक समितिको गत फागुन २७ गते बसेको बैठकले कोषको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण स्वीकृत गर्दै सञ्चयकर्ता तथा योगदानकर्ताको व्यक्तिगत खातामा रहेको शुरू मौज्दात रकममा १.०० प्रतिशतका दरले हुने रकम मुनाफाका रूपमा वितरण गर्ने निर्णय गरेबमोजिमको मुनाफा रकम सञ्चयकर्ता तथा योगदानकर्ताको खातामा जम्मा गरिएको हो। कोषले प्रत्येक आवमा आर्जन गरेको कुल मुनाफाको करिब ९० प्रतिशत रकम मुनाफाका रूपमा सञ्चयकर्ता र योगदानकर्ताको व्यक्तिगत खातामा जम्मा गर्ने र बाँकी रकम विभिन्न कल्याणकारी तथा जगेडा कोषमा राख्ने गर्दछ।

यस्ता कल्याणकारी कोषमा रहेको रकम आवश्यकता अनुसार सञ्चयकर्ता र योगदानकर्ताको हितमा खर्च हुने गर्दछ।

# शहीदनगरमा १२ कोठे विद्यालय भवन शिलान्यास

**जितन मण्डल**
**जनकपुरधाम, १३ चैत्र**



राम नवमीको दिनमा धनुषाको शहीदनगर नगरपालिका-३ स्थित श्री जनता एकाई माध्यमिक विद्यालय, यादुकाहामा १२ कोठे नयाँ विद्यालय भवनको शिलान्यास गरिएको छ।

नेपाली कांग्रेसकी नेतृ मुक्ता यादवले प्रमुख अतिथिका रूपमा शिलान्यास गर्दै विद्यालयमा कक्षाकोठा अभाव रहेको जानकारी पाएपछि पहल गरिएको बताइन्। उनका अनुसार करिब तीन करोड रुपैयाँको लागतमा निर्माण हुने भवनले विद्यालयको भौतिक पूर्वाधार सुदृढ गर्ने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक प्रदीप साहले सहयोग गर्ने सबै सहयोगी हात प्रति आभार व्यक्त गरे।शिलान्यास कार्यक्रममा शहीदनगर नगरपालिकाका प्रमुख दिनेश प्रसाद यादव, स्थानीय नागरिक समाज, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूको उल्लेखनीय सहभागिता रहेको थियो।





अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
धनुषाधाम नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# राजनीतिमा ‘टेक्टोनिक सिफ्ट’

-२१ फागुनको निर्वाचनमा रास्वपाको दुईतिहाइ सिट जितसँगै नेपाली राजनीतिमा मौलिक परिवर्तनको बहस सुरु भएको छ। परम्परागत पार्टीहरूको पराजय र रास्वपाको उदयले विचारधाराबाट एजेन्डा, मूलधारबाट वैकल्पिक धार, संगठनबाट सामाजिक सञ्जाल, कार्यकर्ताबाट जनता, पुरानो पुस्ताबाट नयाँ पुस्ता, यथास्थितिवादबाट परिवर्तन, र उदारवादबाट अनुदारवादतर्फ सिफ्ट भएको देखिन्छ।

यस परिवर्तनका कारण र दीर्घकालीन असरबारे गहिरो अध्ययन र बहस आवश्यक छ। -२१फागुनमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमार्फत रास्वपाले करिब दुईतिहाइ सिट हासिल गरेपछि नयाँ राजनीतिक बहस प्रारम्भ भएको छ। लोकतान्त्रिक आन्दोलनमा विशिष्ट भूमिका निर्वाह गरेका तथा हालसम्मको मूलधार मानिने कांग्रेस, एमाले, नेकपालगायतका पार्टीहरूको लज्जास्पद पराजय तथा रास्वपाको अभूतपूर्व विजयले अर्थपूर्ण सन्देश दिएको छ। यो निर्वाचनले राजनीति, राजनीतिक पार्टी र निर्वाचनबारे हालसम्मका परम्परागत भाष्य, मानक र सूचकांकहरूलाई अप्रत्याशित रूपमा विनिर्माण गरिदिएको छ। लामो समयदेखि चल्दै आएको परम्परागत राजनीतिक बहससमेत असान्दर्भिक भएको छ। विगतमा विरलै हुने सीएनएन, बीबीसी, न्युयोर्क टाइम्सलगायतका अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा समेत यस पटकको निर्वाचन र परिणामबारे व्यापक चर्चा भइरहेको छ। विशेषगरी बालेन शाहको चामत्कारिक उदय र उनको लोकप्रियता तथा कम्युनिस्ट पार्टीहरूको पराजय अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको प्रमुख चासो र प्राथमिकता भएको देखिन्छ। स्थापना भएको चार वर्ष पनि नपुग्दै तथा पहिलो महाधिवेशन समेत नहुँदै रास्वपाले कसरी यति लोकप्रिय मत हासिल गर्न सफल भयो ? यो बालेनको विजय हो कि रास्वपाको ? कांग्रेस, एमाले, नेकपालगायतका पार्टीहरू किन पराजित भए ? आफ्नै राजनीतिक स्वास्थ्य र भविष्यका लागि कांग्रेस, एमाले, नेकपालगायतका पार्टीले मात्रै होइन, रास्वपाले समेत यी प्रश्नका उत्तर खोज्नु आवश्यक छ। पंक्तिकारको विचारमा नेपाली राजनीतिमा आएको ‘टेक्टोनिक सिफ्ट’ हो। अर्थात् वैचारिक, संरचनागत र पुस्तागत दृष्टिले मौलिक परिवर्तन भएको छ।

यस्तो सिफ्टको तत्कालीन र दीर्घकालीन असर हुनेछ। तर यस्तो सिफ्ट कसरी आयो ? यसका कारण के हुन् ? यस्तो सिफ्टले भविष्यमा कस्तो असर पर्ला ? अहिलेका प्रमुख प्रश्न यिनै हुन्। यसबारेमा वस्तुनिष्ठ अध्ययन, अनुसन्धान र बहस आवश्यक छ।



यस्तो सिफ्टका प्रमुख रूपमा सात कारण छन्। आइडियोलोजीबाट एजेन्डा अहिले नेपालको राजनीति आइडियोलोजी (विचारधारा वा वाद) बाट एजेन्डामा सिफ्ट भएको छ। कांग्रेस, एमाले, नेकपालगायतका पार्टीहरूले आइडियोलोजीका आधारमा राजनीति गर्दै आएका छन्। राष्ट्रवाद, समाजवाद, साम्यवाद, उदारवाद, अनुदारवाद, पुँजीवाद, अधिनायकवाद, साम्राज्यवाद, विस्तारवादजस्ता आइडियोलोजी र जार्गन गायत्री मन्त्रजस्तै जप्दै आएका छन्। यो निर्वाचनमा पनि यी पार्टीले आइडियोलोजीलाई नै प्राथमिकता दिए। तर वर्षौंदेखि सुन्दै आएका अमूर्त दर्शन, विचारधारा, वाद, सिद्धान्तप्रति जनताको आकर्षण थिएन। त्यसैले यी पार्टीहरू लज्जास्पद रूपमा पराजित भए। तर विचारधारा, वाद र दर्शनभन्दा पनि एजेन्डालाई प्रमुख प्राथमिकता दिँदै आएको रास्वपाले भ्रष्टाचार नियन्त्रण, सुशासन, सेवा प्रवाह, आर्थिक विकासजस्ता एजेन्डा लिएर जनतासँग गयो। उक्त एजेन्डालाई समर्थन गर्दै जनताले रास्वपालाई उसैले कल्पना गरेको भन्दा पनि धेरै मत दिए। यो परिदृश्यबाट विश्लेषण गर्दा अब नेपालमा नीति र एजेन्डाको राजनीति प्रारम्भ भएको प्रतीत हुन्छ। अहिलेको निर्वाचन परिणाम यसैको परिणति हो। तर अर्को कटु वास्तविकता के पनि हो भने निर्वाचनका क्रममा एजेन्डाका बारेमा अपेक्षाकृत बहस भएन। केवल पुराना पार्टी र पुस्ता भर्सेस नयाँ पार्टी र पुस्ताबीच आरोप-प्रत्यारोपको शृंखला मात्रै चल्यो। तथ्य होइन भाष्य, भिजन होइन इमोसन (भावना) र एजेन्डा होइन प्रोपोगान्डाका आधारमा ‘पार्टी होस् कि पुस्ता, पुराना सबै खराब र नयाँ सबै असल’ भन्ने भ्रामक र पपुलिस्ट भाष्य स्थापित भयो। ‘चिसो भनेकै कोकाकोला’ भन्ने विज्ञापनजस्तै ‘परिवर्तन भनेकै बालेन प्रधानमन्त्री’ भन्ने भाष्यप्रति सम्मोहित भएर जनताले चुपचाप घन्टीलाई भोट दिए। सन् १९६० मा अमेरिकी राजनीतिशास्त्री ड्यानियल बेलको ‘दी एन्ड अफ आइडियोलोजी’ नामक बहुचर्चित पुस्तक प्रकाशित भएपछि विश्वव्यापी रूपमा नै आइडियोलोजीको अन्त्यबारे बहस चल्दै आएको छ।

बेलको तर्क छ, ‘१९औं र २०औं शताब्दीमा प्रभुत्व जमाएका प्रमुख विचारधारा साम्यवाद, मार्क्सवाद, फासीवाद, सामन्तवाद, अधिनायकवाद, सर्वसत्तावाद, निरंकुशतावाद असान्दर्भिक र असफल हुँदै गएका छन्।’

**सांभार : कान्तिपुर।**

## धनुषामा प्रादेशिक........................

सञ्चालक विनोद साह, सेवा दलका विजय यादव लगायतका उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रमका वक्ताहरूले मानव जीवनमा आध्यात्मिक ज्ञानको आवश्यकता औंल्याउँदै आत्म साक्षात्कार मार्फत नै साँचो शान्ति र सद्भाव प्राप्त हुने बताएका थिए।

उनीहरूले सन्त निरंकारी मिशनले समाजमा प्रेम, एकता र भाइचाराको सन्देश फैलाउँदै आएको उल्लेख गर्दै नारीहरूको सक्रिय सहभागिताले समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरे।

वक्ताहरूले ‘आत्म मंथन’ मार्फत व्यक्तिले आफ्ना कमजोरी पहिचान गरी सुधारतर्फ अघि बढ्नुपर्नेमा जोड दिँदै सत्य, प्रेम र सहिष्णुतामा आधारित जीवनशैली अपनाउन आग्रह गरे।

कार्यक्रममा सहभागी महिलाहरूले आध्यात्मिक प्रवचन, भजन-कीर्तन तथा अनुभव आदान प्रदान मार्फत सकारात्मक ऊर्जा प्राप्त गरेको बताएका थिए।

समागमले नारी सशक्तीकरण सँगै आध्यात्मिक चेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्याएको आयोजकले जनाएको छ।










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday